*प्रेस विज्ञप्ति*

*नेपालीहरुको सक्रियतामा अमेरिकाको डेलावयर राज्यमा कानूनीरुपमा दर्ता भएर विश्वभर सामाजिक सञ्जालको रुपमा फैलिएको सगुनका सम्वन्धमा नेपालका केही सञ्चारमाध्यम तथा समाजिक सञ्जालहरुमा प्रकाशित भ्रामक समाचारप्रति हाम्रो ध्यानार्कण भएको छ ।*

*सगुनलाईअमेरिकाको धितोपत्र तथा विनियम आयोग(US Securities and Exchange commission, SEC) बाट शेयरसम्बन्धी कारोबार गर्न अनुमति प्राप्त छ र सोही आयोगको नियमभित्र रही सोही निकायले नियमन गर्दै आइरहेकोछ ।*

*भारतमा इन्डिया प्राइभेट लिमिटेडको रुपमा दर्ता भई भारतीय रिजर्व बैंक (RBI) द्वारा असीमित रेमिट्यान्स कारोवार गर्न सन् २०१५ मा सगुनले अनुमति प्राप्त गरेको छ । त्यसैगरी नेपाल सरकारले तोके बमोजिमका सबै दर्ता तथा कानुनी प्रकृया पूरा गरी सगुन नेपाल प्राइभेट लिमिटेड सन् २०१७ मा दर्ता गरिएको छ । साथै नेपाल राष्ट्र बैंकबाट बार्षिक तीन करोड रुपैयाँसम्मको कारेबार गर्न पाउने रआवश्यकता अनुसार बढाउन सकिने गरी स्वीकृत प्राप्त कम्पनी भएको जानकारी गराउँदछौँ ।*

*सुरुमा सन् २०१५ सम्म अमेरिकी कम्पनीहरुमा समेत सर्वसाधारणलाई सेयर किनबेच गर्न अनुमति थिएन । नयाँ परिवर्तित कानुनी व्यवस्थाअनुसार अब एसइसीले योग्य ठहर्याएका कुनै पनि कम्पनीहरुले आफ्नो सेयर (इक्विटी) सर्वसाधारणलाई बिक्री गरी बार्षिक पाँच करोड अमेरिकी डलरसम्मको पूँजी जम्मा गर्न सक्ने छन् ।*

*सगुन, अमेरिकी कानुनअनुरुप अन्य ठूला तथा स्थापित कम्पनीहरू जस्तै अमेरिकाको धितोपत्रसम्बन्धी आयोग (US SEC) बाट योग्य कम्पनीको रुपमा छनौट भएको कम्पनी हो । सगुनले अमेरिकी सरकारको मापदण्ड पूरा गरेको आधारमा सर्वसाधारणबाट पूँजी संकलन गर्ने आधिकारिक रुपमा अनुमति प्राप्त गरेको हो ।*

*विदेशमा बसेबास गर्ने नेपालीहरू, नेपाली मुलका विदेशी नागरिकहरू र गैरआवासीय नेपालीहरूको मुख्य लगानी रहेको सगुन, दक्षिण एसियाली मुलुकका नागरिकले अमेरिकामा स्थापना गरेको पहिलो कम्पनी हो । सगुन, पूँजी निर्माणमा सहभागी हुन पाउने यो विशेष अवसरलाइ विश्वभरि रहेका सबै नेपालीहरुमा पुर्याउन चाहन्छ । जुन इतिहासमा कहिल्यै प्राप्त हुन सकेको थिएन ।*

*यस अवसरका बारेमा भारतका दार्जिलिङ, असम, मणिपुर, भुटान, बर्मालगायत विश्वभरि छरिएर रहेका नेपालीभाषीहरू लाई समेत हाम्रो सञ्जालमा जोड्न चाहन्छौं । सो सञ्जालमा जोड्नका लागि नेपाली सञ्चार माध्यमहरूको महत्वपूर्ण भूमिका रहन्छ । सगुनको विश्वव्यापी लक्ष्य भनेको सामाजिक मिडियाको प्रयोग गर्ने तरिका परिवर्तन गर्नु हो । मानिसलाई यस सञ्जालमा फरक तरिकाले अन्तरक्रिया गर्ने साँझा मञ्च (प्लेटफर्म) उपलब्ध गराउन चाहन्छौँ ।*

*विश्वभरका प्रयोगकर्ताहरुलाई आइफोन, एन्ड्रोइड फोन तथा डेस्कटपहरुमा सगुन प्रयोग गर्ने सुविधासहित सेवा उपलब्ध गराउँदै आइरहेका छौँ । हालसम्म विश्वका १ सय २० भन्दा बढी राष्ट्रहरुबाट ७० लाखभन्दा बढी प्रयोगकर्ताहरु सगुनको प्लेटफार्ममा जोडिएका छन् । जसमध्ये धेरै प्रयोगकर्ताहरु नेपाल, भारत र अमेरिकामा छन् । हालसम्म विश्वभरबाट ४*

हजार भन्दा बढी सर्वसाधारण व्यक्तिहरुले ६० लाख अमेरिकी डलर भन्दा बढी रकम सगुनमा लगानी गरिसकेका छन् । सुगनमा हालसम्म विश्वका ६० भन्दा बढि देशहरूबाट लगानी भएके छ जसमध्ये अधिकांश लगानीकर्ताहरु अमेरिका, बेलायत, अष्ट्रेलिया, दक्षिण कोरिया ,जापान र भारतका रहेका छन् ।

नेपालमा कम्पनी स्थापना गरेर क्रियाकलाप गर्नुको उद्देश्य नेपालको रकमलाई विदेशमा पुर्याउनु होइन । बरु विदेशबाट नेपालमा रेमिट्यान्स भित्र्याउनु, नेपालमा रोजगार सिर्जना गर्नु, व्यवसायका नयाँ र इनोभेटिभ अवसरहरु पत्ता लगाउनु र नेपाललाई आर्थिक सम्बृद्धिका क्षेत्रमा टेवा पुर्याउनु नै हो । साथै अमेरिका, युरोप, क्यानडा, अष्ट्रेलिया लगायतका पश्चिमी मुलुकहरुमा बर्षौंदेखि बसोबास गर्दै आइरहेका नेपाली डायस्पोराले हाँसिल गरेको ज्ञान र अनुभवलाई नेपालको उन्नतिमा साझेदारी गराउनु पनि सगुनको लक्ष हो ।

हामी सबैलाई थाहा भएकै कुरा हो कि नेपालमा १ करोड ५० लाख भन्दा बढी व्यक्तिहरु विभिन्न सामाजिक सञ्जालहरु प्रयोग गर्दछन् । नेपालका यति धेरै प्रयोगकर्ताहरुले प्रयोग गर्ने सामाजिक सञ्जालहरुमा राखिएको विज्ञापनबाट अन्त्तराष्ट्रिय सामाजिक सञ्जालहरुले बार्षिक करिव २२ अरब रुपैयाँ नेपालबाट कमाउँछन् । त्यो रकम नेपालमा नै रहोस् भन्ने चाहना र कोसिस सगुनको रहेको छ, रहिरहने छ ।

ग्लोबल ब्राण्ड स्थापना गर्ने प्रवासी नेपालीहरु मध्ये सगुन पहिलो सुरुवातकर्ता हो । सगुनले नयाँ गोरेटो कोर्दै नेपाली नयाँ पुस्ताहरुलाई प्रेरणा दिन चाहन्छ । हाम्रो सफलताले नवीनतम सोच र काम मार्फत विश्वसँग प्रतिस्पर्धा गर्न नेपाली नयाँ पुस्तालाई आत्मविश्वास जगाउन सक्छ भन्ने हाम्रो विश्वास रहेको छ ।

केही संचार माध्यमा आएका गलत समाचारका प्रकाशित तथ्यहरुलाई निम्न बुँदाहरुमा प्रष्ट पार्न चाहन्छौँ ।

१. सगुनको नाम र ब्राण्ड सुरक्षित गर्न मात्र सगुनको डोमेन नाम सन् २००६ मा दर्ता गरिएको थियो । पछि सगुन कम्पनीका रुपमा अमेरिकाको डेलावयर राज्यमा दर्ता गरिएको थियो तर हालको सगुनको प्रारम्भिकरुपमा सन् २०१४ देखि मात्र काम सुरु भएको हो । यसको पहिलो वेभसाइट सन् २०१५ अक्टुवरमा नेपालमा सुरु गरिएको थियो । त्यसैले बजारमा सगुन मात्र ४ वर्षको भएको छ ।

२. 'स्टार्ट–अप' भन्ने शब्दसँग कोही अलमलिनु जरुरी छैन । 'स्टार्ट–अप' शब्दको धरातलीय अर्थ भर्खर सुरु गरिएको भन्ने भएता पनि यसको वास्तविक अर्थ (यस क्षेत्रमा) हालसालै स्थापना गरिएको भन्ने अर्थमा मात्र सीमित हुदैन । लामो समयदेखि विश्वबजारमा विश्वविख्यात कम्पनीहरुले समेत 'स्टार्ट–अप' लेख्ने प्रचलन रहेकोछ । 'स्टार्ट–अप कम्पनी' ले नयाँ आइडिया बजारमा ल्याउने तथा नयाँ प्रविधिको खोजी गर्दछन् ।

   बजारमा हेर्ने हो भने पनि ठूलै मात्रामा सर्वसाधारणले प्रयोग गरिरहेका प्रोडक्टहरुका उत्पादक कम्पनीहरुलाई समेत 'स्टार्ट– अप कम्पनी' नै भनिएको पाइन्छ ।

३. नेपालको लगानीसम्बन्धी कानुनका कारण सगुनले नेपालीबाट कुनै लगानीको अपेक्षा राख्दैन र नेपालको धितोपत्र बजारमा सगुनलाई दर्ता गर्नु पर्ने आवश्यक छैन । सगुनले अमेरिकी सेक्युरिटिज कानून अनुसार अनलाइनबाट लगानी जुटाइरहेको छ जसमा इच्छुक लगानीकर्ताहरुले अनलाइनमार्फत् लगानी फर्म भर्नु सक्दछन् । डेविट वा क्रेडिट कार्ड, चेक तथा वायर ट्रान्सफर गरेर लगानीको रकम पठाउनु पर्दछ जुन नेपालबाट सम्भव पनि छैन ।

४. सगुनले धितोपत्र तथा विनिय आयोगमा पेश गरेको आर्थिक प्रतिवेदनलाई गलत ढंगले अपव्याख्या गर्दै आमसर्वसाधारण र लगानीकर्तालाई समेतको विश्वासमा भ्रमित गर्ने गरी आएका समाचारप्रति दुःख व्यक्त गर्दछौं । सामान्यतया, लेखापरिक्षणको भाषामा, कम्पनीले आफ्नो इक्विटी बिक्री गरी संकलन गरेको कोषलाई घाटाको रुपमा लेखांकन गरिन्छ, तर वास्तवमा यो घाटा होइन् । यसरी संकलन गरिएको पूँजीलाई कम्पनीले आफ्ना एप्लिकेशनहरु विकास गर्न र प्रयोगकर्ताहरु बढाउन उपयोग गर्छ । जसले वास्तविक अर्थमा कम्पनीको बौद्धिक सम्पत्ति बढाउँछ । यसैको आधारमा कम्पनीको मूल्यांकन(भ्यालुएशन) मा बृद्धि हुन्छ । सगुन रेगुलेसन ए प्लस(Reg A+ Mini-

*IPO) अन्तर्गतका अन्य कम्पनीहरुको आह्वान पत्र र वित्तीय प्रतिवेदनहरु हेर्ने हो भने सगुनमा प्रयोग गरिएको भाषा नै प्रयोग भएको देख्न सकिन्छ । सगुनको आर्थिक प्रतिवेदनका कुराहरुको अध्ययन गर्न सम्वन्धित पक्षहरुलाई अनुरोध गर्न चाहन्छौँ ।*

*५. स्थिर वा विकासको चरणमा रहेका कुनै पनि कम्पनीहरुमा गरिएको लगानी जहिले पनि जोखिमपूर्ण नै हुन्छ भने सगुन जस्ता प्रारम्भिक चरणका कुनै पनि कम्पनीहरुमा गरिने लगानी सधैँ चुनौतिपूर्ण रहेको हुन्छ । तर यस्ता प्रारम्भिक चरणका कम्पनीहरु सफल भएमा यिनीहरुमा गरिएको लगानीले उच्च प्रतिफल दिने सम्भावना पनि त्यतिकै उच्च हुन्छ । त्यसैले सगुनमा लगानी गर्न इच्छुक लगानीकर्ताहरुलाई लगानीको निर्णय लिनु अघि जोखिमका कारकहरुको जाँच र अध्ययन गर्नु हुन अनुरोध गर्दछौँ ।*

*नविनतम सोच र विश्वासका साथ विश्व बजारमा प्रतिस्पर्धा गर्ने हिम्मतका साथ नेपालीमूलका प्रवासीको पहलमा स्थापना भएको र बामे सर्दै गरिरहेको पहिलो कम्पनी सगुनलाई सफल बनाउन विश्वभरिबाट नेपाली समुदायबाट सकारात्मक र सिर्जनशील सुझाव र सल्लाहको अपेक्षा गर्दछौँ ।*

*सगुन ब्राण्डलाई बिगार्ने गलत मनसायबाट तथ्य कुराहरुका बारेमा जानकारी नलिई कपोलकल्पित झुटा कुराहरु प्रचारप्रसार गरी सगुनका लगानीकर्ता, शुभचिन्तक तथा प्रयोगकर्ताहरुमा भ्रम सिर्जना गर्ने उद्देश्यका साथ आएका सम्पूर्ण समाचारहरुको खण्डन गर्दछौँ ।*

*अमेरिकामा दर्ता भएर  नेपालको कानूनलाई पूर्ण रुपमा पालना गर्दै  नेपालमा समेत कार्यालयको स्थापना गरी सञ्चालन भएको सगुन कम्पनीका सम्वन्धमा दुवै देशका नियम कानुन अनुरुप संचालित छ ।  र भर्खरै सुरु भएको 'स्टार्ट अप' कम्पनीको काम गर्ने  तरिकाका बारेमा सीमित सूचनामा प्राप्त गरेको भरमा भ्रमपूर्ण जानकारी सम्प्रेषण नगर्न सम्वन्धित सबैमा अनुरोध गर्दछौँ ।*

*यस्तै सगुनलाई विश्वास र माया गर्नुहुने सम्पूर्ण लगानीकर्ता, शुभचिन्तक तथा प्रयोगकर्ताहरुलाई यस्ता भ्रम र अन्योलमा नपर्न यसै विज्ञप्तिमार्फत् अनुरोध गर्दछौं ।*

*साथै, यदि सगुनका बारेमा केही प्रश्न वा जिज्ञासा छन् भने कृपया हामीलाई सम्पर्क गर्नुहुन् अनुरोध गर्दछौं ।*

*सगुन, वासिन्टन डिसी, अमेरिका*
*३, जुन २०२०*